# धर्मदेवी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

मुढेशनिश्चरे, सङ्खुवासभा
कोशी प्रदेश, नेपाल

प.सं. :- २०८३/८४
च.नं. :-

## सावधानी अपनाउन अनुरोध

**सूचना प्रकाशन मितिः २०८३/०६/०७**

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, सिंहदरबार, काठमाडौंको मिति २०८३ असोज ५ गते सोमबारको सूचना तथा नेपाल मौसम विज्ञान विभागद्वारा जारी विशेष मौसमी बुलेटिनानुसार आगामी असोज ९ गते शुक्रबारदेखि असोज ११ गते आइतबारसम्म गण्डकी र लुम्बिनी प्रदेशका केही स्थानमा मेघगर्जन/चट्याङ/हावाहुरीसहित भारीदेखि धेरै भारी वर्षा तथा एक-दुई स्थानमा अति भारी वर्षाको सम्भावना रहेको छ। साथै, कोशी प्रदेशका थोरै स्थानमा समेत मेघगर्जन/चट्याङ/हावाहुरीसहित भारीदेखि धेरै भारी वर्षाको सम्भावना रहेको तथा बुधबारदेखि नै कोशी, बागमती र गण्डकी प्रदेशका केही स्थानमा मध्यम वर्षाको सम्भावना रहेको हुँदा धर्मदेवी नगरपालिका क्षेत्रका सम्पूर्ण नगरवासीमा आवश्यक सतर्कता तथा पूर्वतयारी अपनाउन अनुरोध गरिन्छ। भारी वर्षाका कारण बाढी, पहिरो, गेग्रान बहाव तथा डुबान जस्ता विपद् सिर्जना हुन सक्ने भएकाले देहायबमोजिमका सावधानी तथा पूर्वतयारीका उपाय अवलम्बन गर्नुहुन अनुरोध छः

१. अत्यन्त जरुरी नभई टाढा तथा रातिको समयमा यात्रा नगर्नुहोस् र यात्रा गर्नुपरेमा मौसम तथा सडकको अवस्था बुझेर मात्र यात्रा गर्नुहोस्।
२. खोला, खहरे, नदी किनार, पहिरोको जोखिमयुक्त स्थान तथा आकस्मिक बाढी आउनसक्ने क्षेत्रमा बसोबास गर्ने नगरवासीहरू विशेष रूपमा चनाखो रहनुहोस्।
३. वर्षाका कारण खोला तथा नदीमा पानीको सतह बढ्न सक्ने भएकाले खोला, नदी तथा जोखिमयुक्त स्थानमा नजानुहोस् र बालबालिका तथा ज्येष्ठ नागरिकलाई विशेष सावधानी अपनाउन लगाउनुहोस्।
४. आफ्नो घर, टोल तथा आसपासको क्षेत्रमा हुन सक्ने बाढी, पहिरो, डुबान तथा गेग्रान बहावको जोखिम पहिचान गरी आवश्यक पूर्वतयारी गर्नुहोस्।
५. स्थानीय स्तरमा विपद्को जोखिम बढेको अवस्थामा सम्बन्धित वडा कार्यालय, नगरपालिका तथा सुरक्षा निकायबाट जारी हुने पूर्वसूचना तथा चेतावनीलाई पालना गरी सुरक्षित स्थानतर्फ स्थानान्तरण हुन तयार रहनुहोस्।
६. विपद् आइपरेमा आवश्यक पर्ने खानेपानी, खाद्यान्न, औषधि, टर्च, मोबाइल फोन, आवश्यक कागजात तथा अन्य अत्यावश्यक सामग्री सुरक्षित राख्नुहोस्।
७. नेपाल मौसम विज्ञान विभाग तथा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणबाट जारी हुने अद्यावधिक मौसम पूर्वानुमान, पूर्वसूचना तथा चेतावनीसम्बन्धी जानकारी नियमित रूपमा लिइरहनुहोस्।
८. वर्षा तथा बाढीसम्बन्धी जानकारीका लागि ११५५ मा सम्पर्क गर्नुहोस्। विपद्को समयमा सहयोग आवश्यक परेमा १२३४, नेपाल प्रहरीको हटलाइन १०० तथा सशस्त्र प्रहरी बल, नेपालको हटलाइन ११५४ मा सम्पर्क गर्नुहोस्।
९. नगरवासीहरूले आफू सुरक्षित रहनुका साथै आफ्नो छरछिमेक तथा जोखिममा रहेका व्यक्ति, परिवार र समुदायलाई समेत आवश्यक सावधानी अपनाउन सूचित तथा सहयोग गर्नुहोस्।

सम्भावित विपद्बाट हुने जनधनको क्षति न्यूनीकरण गर्न सबै नगरवासी, वडा कार्यालय, सरकारी तथा गैरसरकारी निकाय, सुरक्षा निकाय, स्वयंसेवक तथा सरोकारवाला सबैले आवश्यक सतर्कता र पूर्वतयारीसहित सहयोग गरिदिनुहुन धर्मदेवी नगरपालिका हार्दिक अनुरोध गर्दछ।

उदय चन्द्र पौडेल
नगर प्रमुख

☎ फोन नं. :०२९-४१४००६, ०२९-४१४००७, ०२९-४१४००८, gmail : dharmadevimun@gmail.com, website : www.dharmadevimun.gov.np

"सुन्दर समुन्नत गाउँ, घर, शहर धर्मदेवी नगरपालिकाको रहर ।"